**मिति २०८० बैशाख २८ गते बिहिबार (वि.सं.२०८०।१।२८) तुलसीपुर उपमहानगरपालिकाको ११औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि २०७४ मा उल्लेख भए बमोजिमको आवश्यक कागजात सहित निवेदन पेश भएका फर्महरुलाई कार्यविधिको दफा २ बमोजिम निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्न उपयुक्त देखि आर्थिक विकास सिमितिले सिफारिस गरेका तपसिल बमोजिमका निर्माण व्यवसायीलाई घ वर्गको ईजाजत प्रदान गर्ने निर्माण गरियो ।

**तपसिल**

लुक्काली कन्स्ट्रक्सन कम्पनी प्रा.ली प्रो अमर खनाल ,तुलसीपुर ११
एशियन डिप बोरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि प्रो टिका वली , तुलसीपुर ६
मल्ल विजेश्वरी कन्स्ट्रक्सन प्रो रमेश मल्ल , तुलसीपुर ११
हमाल विजेश्वरी कन्स्ट्रक्सन प्रो गोविन्द हमाल ,तुलसीपुर ४

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब. २०८०/०८१ को बजेट सिलिङ्ग उपर आवश्यक छलफल गरियो । उक्त सिलिङ्ग सबै वडा समितिका कार्यालयहरु र शाखा महाशाखाहरुमा पठाउने निर्णय गरियो

**निर्णय नं. ३**

संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित योजनाको लागि मेटेरियल उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस, आयोजनाको माग पत्र, लगत स्टिमेट र संझौतापत्र पेश गर्न लगाई प्राकृतिक श्रोत परिचालन तथा व्यवस्थापन समितिले निर्णय गरी आई.ई.ई. स्वीकृत उपयुक्त स्थान छनौट गरी तोकिएको परिमाणको राजस्व लिइ अमानतमा मेशिन लगाइ नदीजन्य पदार्थ उत्खन्न तथा बिक्रि वितरण गर्न आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालित तपसिल बमोजिमका बिद्यालयहरुको कक्षा तथा तथा नया अनुमति दिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | बिद्यालयको नाम ठेगाना | वडा | अनुमति प्रापत कक्षा | थपकक्षा सञ्चालनका लागि अनुमति प्रदान | बिद्यालयको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री आधारभूत बिद्यालय बेलझुण्डी | १८ | ८ | ९ | सामुदायीक | |
| २ | श्री सरस्वती चौतारा आ.बि सल्लीबन | ९ | ८ | ९ | ,, | |
| ३ | श्री शान्ति आ.बि. नवलपुर | ११ | ८ | ९ | ,, | |
| ४ | श्री जनता आधारभूत बिचलाय हरनेटी | ३ | ६ | ७ | ,, | |



टिकाराम खड्का
नगर प्रमुख

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | श्री भगवती प्रा.बि. डाडाखुटी | ३ | बालबिकास | १ | ,, | |
| ६ | श्री जनता प्राथमिक बिद्यालय मज्गौ | १८ | ३ | ४ | ,, | |
| ७ | श्री शुभकोटी प्राबि मनिकापुर | १८ | ३ | ४ | ,, | |
| ८ | श्री शहिद स्मृती प्राबि टिकरी | ८ | ३ | ४ | ,, | |
| ९ | श्री प्रा.बि. मोतिपुर | ७ | बालबिकास | १ | ,, | |
| १० | श्रीदिब्यकुन्ज एकाडेमि तुलसीपुर | ७ | ८ | ९ | संस्थागत | |
| ११ | श्री मोर्डन टेक्नीकल फ्युचर ईबो तुलसीपुर | १० | ३ | ४ | ,, | |
| १२ | श्री जीबन ज्योती ईबो तुलसीपुर | ८ | ९ | १० | संस्थागत | |
| १३ | श्री बेबिजोन मन्टेश्वरी | ६ | मन्टेश्वरी | मन्टेश्वरी | ,, | |

**निर्णय न ५**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिका बैठकको निर्णय बमोजिम घरनक्शापास अभिलेखिकरणको २०८० बैशाख सम्मका लागि म्याद रहेकोले नगरबासीको माग बमोजिम २०८० असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिकाले विभिन्न समयमा नगरबासीको सहजताका लागि घरनक्सापास र अभिलेखिकरणलाई सहज बनाउदै म्याद थप गरेको , पटक पटक सार्वजनिक सूचना प्रकाशन/प्रशारण गरी अनिवार्य रुपमा भूकम्प प्रतिरोधी घर निर्माणका लागि घरनक्सापास कार्यविधि बमोजिम गर्न जानकारी गराउदा पनि अटेर गरी नक्सापास प्रकृयामा नआएका कारण अब उप्रान्त नगरपालिकाबाट( वडा समितिको कार्यालय समेत)प्रदान गरीने खानेपानी सिफारिस,बिजुलि बत्तिको सिफारिस, टेलिफोन सिफारिसमा घरनक्सापासको प्रमाण पत्र पेश गरेर मात्र सिफारिस दिने गरी परिपत्र गर्ने निर्णय गरियो । साथै घरनक्सापासको प्रकृयामा विभिन्न कन्सलटेन्सीहरुबाट फरक फरक प्रकारको सेवाशुल्क लिएको भनि जनगुनासो प्राप्त भएकोले उक्त बिषयमा सर्बसाधारण जनतालाई कसरी सर्बसुलभ र सहज रुपमा सेवा उपलब्ध गराउन सकिन्छ सो बिषयमा प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १. श्री माधव वली | संयोजक |
| २.श्री बीरेन्द्र कुमार शाह | सदस्य |
| ३.श्री धर्मराज वली | सदस्य |
| ४.श्री शंकर कुमार खडका | सदस्य |
| ५.श्री श्रीनारायण चौधरी | सदस्य सचिव |

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिकाको बिगतको निर्णयबाट विभिन्न वडामा हस्तान्तरण गरिएका एम्बुलेन्सहरुका चालकको मिति २०८० असार मसान्त सम्मको पारिश्रमिक तुलसीपुर उपमहानगरपालिकाबाटै उपलब्ध गराउने र असार पछि सम्बन्धीत वडाबाटै चालकको पारिश्रमिक,मर्मत सम्भार,नबिकरण सबै व्यवस्था मिलाउने, उमनपा कार्यालयलाई कुनै प्रकारको आर्थिक तथा प्रशासनिक दायीत्व नपर्ने गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।



टिकाराम खडका

राम बहादुर के.सी.

**मिति २०८० बैशाख २८ गते बिहिबार (वि.सं.२०८०।१।२८) तुलसीपुर उपमहानगरपालिकाको ११औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ मा रहेको कालिका मालिका मन्दिर जिर्ण भएको ,संरक्षणको अभाव भएकोले मानवसेवा आश्रमलाई उक्त मन्दिरको नाममा रहेको जग्गामा भौतिक संरचना बनाई मानवको सेवा, मन्दिरको संरक्षण गर्ने गरी भौतिक संरचना निर्माणका लागि कालिका मालिका पुजा तथा व्यवस्थापन समितिको च.नं.१/०७९/०८० मिति २०८०।१।२५ गतेको पत्रबाट अनुरोध भई आएको साथै सम्बन्धीत वडाका वडा अध्यक्षहरु सहितको बैठकको निर्णय समेत प्राप्त भएकोले उक्त कालिका मालिका मन्दिरको नाममा रहेको जग्गामा मानवसेवा आश्रमलाई आवश्यक भौतिक संरचनाहरु निर्माणका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तुलसीपुर उपमहानगरपालिकाका वडा नं. १६ मा मिति २०८० बैशाख २७ गते भएको बालश्रम मुक्त वडा घोषणा कार्यक्रममा उच्च योगदान पुऱ्याउने वडा नं. १६ का वडा अध्यक्ष लगायत वडा समिति परिवार,टोलबिकास संस्था र सामाजिक बिकास शाखालाई हार्दिक धन्यबाद सहित बालश्रम मुक्त वडा घोषणा कार्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

दाङ्ग जिल्ला तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ घर भई जनता संस्कृत माध्यामिक बिद्यालय बिजौरी दाङ्गमा द्धितीय श्रेणीमा कार्यरत बर्ष ५३ का दामोदर अधिकारी बिरुद्ध तुलसीपुर उपमहानगरपालिकाका शिक्षा महाशाखा तुलसीपुर दाङ्ग भएको श्री प्रशासकीय अदालत,काठमाण्डौ बाट मिति २०७९।१।२६ गते म्याद तामेल भएको पु.बे नं ०७९-AC-००२३ मुद्दामा लिखित जवाफ दर्ता गर्न/तारेखमा रहि पुर्पक्ष समेत गर्नका लागि यस कार्यालयका अधिकृत स्तर छैठौ तहमा कार्यरत श्री शिब कुमार शर्मालाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३